

## मोतीराम भट्टका

# गजल तथा गीत

# मोतीराम भट्टका गजल तथा गीत

(गजलसङ्ग्रह)

मोतीराम भट्ट

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. १९६९

**ईपुस्तकको स्रोत**

*प्रकाशक* : राष्ट्रिय युवा सेवा कोष (मोती ग्रन्थावली)

*संस्करण* : प्रथम २०४५

*ISBN* :

---

**About this ebook edition**

*Originally created as epub*

*Created* : 2026-04-02, 12:21:19 UTC

*Latest minor Correction* : 2026-04-02, 12:21:19 UTC

*Sahityaras ebook id* : 20260402122119

**Cover art**

*Motiram 's gajal collection cover with the potrait of Motiram Bhatta*

by Sahityaras team

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची

*संपादकको भनाइ*

यता हेऱ्या यतै...

यस बखत्मा प्रीति गर्नू...

यि सानै उमेरदेखि...

फाहा घसेर बादरा...

पयर्मा कडा चोट...

यतिसम्म प्रीति गरी...

व्यर्थ तिन्ले आज...

निद्रा गयो...

दिनको पचास त के...

हेर काहाँदेखि...

पैल्हे भने...

गजप्को देखियो...

बिना मन्को...

नीको त छैन...

यहाँले मलाई...

भला सद्दै...

म तिम्रा अघी...

खासा छ सबै...

मलाई हिजोसम्म...

हरे मैसितै...

जहाँ म जान्छु...

प्यारी ! काहाँसम्म...

प्यारिका आँखा...

हर्‌बखत् पर्खीरहन्छू...

म देख्छु दिलले...

अप्सरा झैं स्वर्गका...

सुनकी चरी गुनकेसरी...

जसै बङ्गको रङ्ग...

बिन्ती एकै पल्ट...

सुहाऊँदैन अङ्गाले...

दुइ आँखिभौं त...

सजाएर घर्‌भित्र...

मउपर् कटाक्ष...

भैरवी

ठुमरी

बङ्गाली ठेटर्को

परज्

# संपादकको भनाइ

## (रमा शर्माद्वारा संपादित मोती ग्रन्थावलीको "मेरो भनाइ"बाट साभार)

नेपाली भाषामा गजल लेख्ने अभियान ल्याउने मोतीराम भट्ट हुन्। यिनले गजल लेख्न लागेपछि यिनका धेरै मित्रहरू यसबाट प्रभावित भई गजल लेख्न लागे। मोतीरामलगायत अन्य कविहरूका गजलहरू (गीत समेत) **संगीत चन्द्रोदय** (१९६९) मा प्रकाशित छन्। **श्लोक संग्रह** (१९५६) मा विज्ञापित भएबाट यो पुस्तक १९५६ सालभन्दा अगाडि प्रकाशित भएको भन्ने थाहा हुन्छ तर यो उपलब्ध छैन। १९६९ सालमा र त्यसभन्दा पछि पनि **संगीत चन्द्रोदय** धेरै पटक छापिएको पाइन्छ। १९६९ सालमा प्रकाशित **संगीत चन्द्रोदय**बाट मोती राम भट्टका गजल छुट्याई नेपाली शिक्षा परिषद्ले **मोतीराम भट्टका गजलहरू** (२०३८) छपाएको छ। यस ग्रन्थावलीमा भएका गजलको प्रमुख स्रोत त्यही पुस्तक र गीतको स्रोत **संगीत चन्द्रोदय** (१९६९) हो। **संगीत चन्द्रोदय** (१६६६) मा भएझैं मोतीराम **भट्टका गजलहरू** (२०३८) मा पनि ३२ गजल मात्र छन्। **गफाष्टक** (१९६४)मा मोतीरामको अर्को एक गजल पनि पाइएकाले सो समेत ३३ गजल यस ग्रन्थावलीमा प्रस्तुत गरिएका छन्, गीतचाहिं केवल ४ मात्र छन्।

**रमा शर्मा** (संपादक)

## गजल १
# यता हेऱ्यो यतै...

यता हेऱ्यो यतै मेरा नजर्मा राम प्यारा छन्,
उता हेऱ्यो उतै मेरा नजर्मा राम प्यारा छन् ॥१॥

यसो भन्छौ त फल्फुल्मा, उसो भन्छौ त जल्थल्मा,
जता हेऱ्यो उतै मेरा, नजर्मा राम प्यारा छन् ॥२॥

त्रिलोक् चौधै भुवन्माहाँ प्रभू व्यापक जहाँ ताँहाँ,
कहाँसम्मन् भनू याँहाँ, सबैमा राम प्यारा छन् ॥३॥

रसीलो रामको नाउँ भजन् तिन्को सधैं गाँऊँ,
दरस् मो हर्बखत् पाऊँ दयालु राम प्यारा छन् ॥४॥

पियारा भै हरी मेरा सधैं मन्मा गरून् डेरा,
सबै सन्सारले भन्छन् र मोतीराम प्यारा छन् ॥५॥

## गजल २
# यस बखत्मा प्रीति गर्नू...

यस् बखत्मा प्रीति गर्नू जालमा फस्नू न हो,
आसमा पर्नू त चोखा धारमा बस्नू न हो ॥१॥

हेरिदैमा मन् पनी हज्जार टुक्रा व्हैदिने,
सान गर्नू ता कटारी छातिमा धस्नू न हो ॥२॥

आँखिभौं जोरेर हेरी क्यै नबोली तेस्घरी,
हात गाला लाई हास्नू, वज्रको खस्नू न हो ॥३॥

एक् त आँखा के भनू त्यैमाथि गाजल् लाउनू,
विष् लिई तर्वारका झन् धारमा धस्नू न हो ॥४॥

एक् त आफै हेर त्यो कम्मर् छिने झैं देखिने,
बाधनू तेस्लाई झन् निर्धो भनी कस्नू न हो ॥५॥

प्रीति गर्नू ता कता हो नाम सुन्दैमा पनि,
झर्किनू यस्तोरि तिन्ले सर्पको डस्नू न हो ॥६॥

आज मोतीलाइ हेरी हेरि यस्ले मन् हरी,
जानू तिन्का पास आँगोमा गई पस्नू न हो ॥७॥

## गजल ३
# यि सानै उमेरदेखि...

यि सानै उमेर्‌देखि मन् हर्न लागे,
यिनै सुन्दरीले जुलुम् गर्न लागे ॥१॥

कहाँसम्मको आट लौ हेर तिन्‌को,
रिसायेर आँखा पनि तर्न लागे ॥२॥

सुनीस् मन् मुनीञा बडो होस राखेस्,
फिजायेर जाल् कागुनो छर्न लागे ॥३॥

यकैपल्ट आँखा घुमाई दिनाले,
कती डर्न लागे कती मर्न लागे ॥४॥

जसे मै म पर्खन्छु हाँसेर भन्छिन्,
यि ऐले भने पेचमा पर्न लागे ॥५॥

विराना र आफ्ना नराम्रा र राम्रा,
सबै सुन्दरीका अघि सर्न लागे ॥ ६ ॥

अघी पर्न सक्तीन है मो हरीका,
नजर्देखि मोती पनी झर्न लागे ॥७॥

## गजल ४
# फाहा घसेर बादरा...

फाहा घसेर बादरा हज्जार लगाये,
बिन्ती छ बिन्ती सुन्दरी मिस्सी नलगाये ॥१॥

ठट्टा गऱ्यौ त बेस् गऱ्यौ हुन्छ सहन्छु,
मैले पनी गरें भने तिम्ले नरिसाये ॥२॥

बाजा बजाउ सुन्दछु एक् मन् दिई हरी,
मोती भनेर कोइ गजल् गीत नगाये ॥३॥

## गजल ५
# पयर्मा कडा चोट...

पयर्मा कडा चोट पायेर आये,
म भन्दैथियें 'होस राखेर आये' ॥१॥

फजीती तहाँभित्रको देख्छ जस्ले,
उती फर्कदा कान् समायेर आये ॥२॥

म आउन्न पक्का भनी भन्नु क्यै दिन्,
यती दिन्पछि क्या छकायेर आये ॥३॥

न केही भनेको न केही सुनेको,
बिना कारणै मुख् फुलायेर आये ॥४॥

नमागेर खोस्ने थियें यो कहाँ मन्,
कता जानि त्यो मन् लुकायेर आये ॥५॥

जतीले तहाँभित्र ता जान पाये,
त्यतिले दसेक् ठेक खायेर आये ॥६॥

आहा कस्तरी छाति झल्क्यो हरीको,
जसै मोति माला झुलायेर आये ॥७॥

# गजल ६
# यतिसम्म प्रीति गरी...

यतिसम्म प्रीति गरी गरी, न यता भयें न उता भयें,
न त मन् लियें, न त दीदियें, न यता भयें न उता भयें ॥१॥

न त होस वासकि राखियो, न त फूलको रस चाखियो,
न त याद भो न त स्वाद भो, न यता भयें, न उता भयें ॥२॥

बिनु औसरैसित भेटनू, तरवार लीकन रेटन
न त छिन्दिनू, न नछिन्दिनू, न यता भयें, न उता भयें ॥३॥

न त साथ वस्न सँगी भयें, न त दुश्मनैसरि भै गयें,
न पुरानियाँ, न त यो नयाँ, न यता भयें, न उता भयें ॥४॥

न त खुस् भईकन प्रेम् गरी, न त रिस् गरीकन मन् हरी,
न यसो गरी, न उसो गरी, न यता भयें न उता भयें ॥५॥

## गजल ७
# व्यर्थ तिन्ले आज...

व्यर्थ तिन्ले आज मेरा माथि रन्रन् रन्कनू,
रिस् गरी उस्सै पनी हेरेर फन्फन् फन्कनू ॥१॥

खुप् गरी मैले बुझायें फेरि संझायें पनी,
हात जोरें, पाउ पक्रें, फेरि झन्झन् झन्कनू ॥२॥

प्रीतिले बेहोस् परेझैं स्वाङ पारी हेरनू,
बुझ्दछू यो पेच तिम्रो भित्र सन्सन् सन्कनू ॥३॥

बोलि सुन्दा कोइलीको मन् उसै लठ् भैगयो,
भारि अम्मल् झैं हवाको जान सन्सन् सन्कनू ॥४॥

क्या चलाकी गर्दछ्यौ मेरा उपर तिम्ले हरी,
मोति-माला लाउनू उस्माथि तन्तन् तन्कनू ॥५॥

## गजल ८
# निद्रा गयो...

निद्रा गयो, आराम गयो, होस हरायो,
तिन्का वियोगले भने ह्याँसम्म गरायो ॥१॥

काफर् रहेछ चित्त ता तिन्का नजिक् पुगी,
फर्केर फेरि हट्न पनि हेरि डरायो ॥२॥

मर्जी हुकुम् मिचीनथें क्या बेकसूरमा,
तन्मन् समेत खैंचिदा यस्तोरि करायो ॥३॥

आफ्नो हुनू त के भनू दुश्मन्सरी भयें,
सन्तोष गर्छु कर्मले यस्तै न गरायो ॥४॥

बेसै भयेछ हार चुंडयो हेर हरीको,
मोती नपाउँदा भने बेहोस गरायो ॥५॥

## गजल ९
# दिनको पचास त के...

दिनको पचास त के हजार पटक् कती समभ्काउनू,
म गरीवका घरमा हरे, तिमिले यसोरि नआउनू ॥१॥

रिसमा भयौ कि खुशी थियौ, म त केही जान्दिन के थियौ,
कि यसो थियौ, कि उसो थियौ, मनमा कसोरि बुभ्काउनू ॥२॥

न त आ भनू, न त जा भनू, म यसो भनू कि उसो भनू,
तिनिको मिजाज म के भनू, कतिसम्म बिन्ति चढाउनू ॥३॥

बय सोह्रको मन साठिको, छ र पो गजब् छ ति प्यारिको,
मुखको रबाव छ चन्द्रको, ननिको छ मिस्सि लगाउनू ॥४॥

मनसूब पुग्नु परै रहोस्, दरसन् पनी छ कठिन् जहाँ,
अब बाँचनेछु म ता कहाँ, तिनिलाई एति सुनाउनू ॥५॥

तिमि बिर्सिहाल त क्यै जनी, म त संभ्कदो छु अभ्कै पनी,
मुखभित्र पान चपाउनू, अलि हाँसि हाँसि हँसाउनू ॥६॥

मणि हो भनू त नझल्कने, बिजुली भनू त नचम्कने,
अइना भनू त नटल्कने, उपमा कसोरी जुराउनू ॥७॥

तिमि पर्ख पर्ख भनी भनी, कन जानु फेरि नआउनू,
खपिसक्नु छैन मलाइ ता, तिमीले यसोरि छकाउनू ॥८॥

सुन है सबै हरिको हुकुम्, म हुकुम् भनू कि भनू जुलुम्,
अघि जो भयो न उ भैगयो, तर फेरि मोति नलाउनू ॥९॥

## गजल १०
# हेर काहाँदेखि...

हेर काँहाँदेखि आयो, आज यस्तो जुन्किरी,
मुस्किलै पर्नेछ फेरि, देख्नु यस्तो जुन्किरी ॥१॥

क्या चटाकी उड्नको, क्या चम्कनू बेजानको,
देखियो ऐले न भन् मन्, हर्न कस्तो जुन्किरी ॥२॥

केहि वेर् चम्कन्छ याहाँ, फेरि देखिने तहाँ,
हेरिल्यौ जाहाँ तहाँ जूहार जस्तो जुन्किरी ॥३॥

## गजल ११
# पैल्हे भने...

पैल्हे भने बिन्ति गरेर पाउ परौंला,
मानेन भने फेरि अरू युक्ति गरौंला ॥१॥

सूराजि हामीहेरूको नठान लर्तरो,
लागेन कुनै युक्ति भने जाइ मरौंला ॥२॥

धेरै खुसामते कुरा गर्नू त मर्नु हो,
उस्सै त कहाँ हामि पनि आज डरौंला ॥३॥

घुर्की र रिस् त राख परै खैंच कटारी,
गर्धन् नुहाइ हान भनी हामि सरौंला ॥४॥

खातिर् नमान ओसको पानी सुक्यो भनी,
खुस गर्न तिमिलाई हरी मोति छरौंला ॥५॥

## गजल १२
# गजप्को देखियो...

गजप्को देखियो त्यो चन्द्रमा ताहाँ उदाएको,
पलक्मा होस नै पाईन मन् याहाँ उडाएको ॥१॥

कसोरी घट्न जावैनन् यसै पल्पल् गरी तन् मन्,
बिना तारो उसै रिस्ले धनू तिम्ले नुहाएको ॥२॥

हरीको देखियो चाला म हर्दम् हुन्छु रख्वाला,
गलामा मोतिको माला मजाको क्या सुहाएको ॥३॥

## गजल १३
# बिना मन्को...

बिना मन्को भई यो ज्यू जिएको,
गजब् भो आज, हो के ? मन् दिएको ॥१॥

न त्यो आयो न वा काँहि बिलायो,
फकत् यै पीरले यो ज्यू खिएको ॥२॥

बिचारो मन्चरो मेरो हरायो,
बरु बेसै थियो ज्यू गै गएको ॥३॥

कता जाऊँ कता खोजेर पाऊँ,
मसीनो मन् न हो टुप्पो सिएको ॥४॥

मरी नै गए सन्तोष हुन्थ्यो,
विषै भैं भै गयो अमृत् पिएको ॥५॥

न मेरो धन्, न मेरो जन् फगत् मन्,
बिहोसीमा गरी तिन्ले लिएको ॥६॥

बरू ज्यू दिन्छू, मैले मन् फिराऊ,
बडो खातिर् छ मन् मेरो गएको ॥७॥

मरेको भोलिसम्मन् सम्झनेछु,
यसोरी चित्त मेरो कल्पिएको ॥८॥

हरे यस्तो पनी तिम्ले गऱ्यौ नी,
गरूँ के कर्मले खुप् ठोकिएको ॥९॥

कहाँसम्मन् सहुँला पीर मन्को
कती हो लौ यकोतार् घोचिएको ॥१०॥

असल दर्जा गरिन् मेरो हरीले,
असल् मोती यसैले छेडिएको ॥११॥

## गजल १४
# नीको त छैन...

नीको त छैन आज तहाँ जान[१] कसैको,
बाँच्तैन तहाँसम्म गई जान कसैको ॥१॥

यौटा कसूर गर्छ अरुलाई सजाई,
खुस् हुनु कसैदेखि लिनू जान कसैको ॥२॥

हेला सिबाय खातिर् हूँदैन कसैको,
होला त के उसै कहाँ सन्मान कसैको ॥३॥

मन्पर्दि कहाँसम्म गरे के भनु मैले,
खल्ती उघारी खोसिलिये पान कसैको ॥४॥

आफू त सान गर्नु अरूले गऱ्यो भने,
झर्कीनुपर्छ कीन भनी सान कसैको ॥५॥

१. ↑ ज्यान

## गजल १५
# यहाँले मलाई...

यहाँले मलाई यती गर्नुहोला,
कटारी धसी मन् पछी हर्नुहोला ॥१॥

रगत् हो कि माहुर् पयर्मा रहेको,
विचार् राखि यस्को अघि सर्नुहोला ॥२॥

कठोर मन् भन्जी ह्वैन है छैन पानी,
बहुत् होस राखी नदी तर्नुहोला ॥३॥

मरेदेखि लौ मर् यकोतार भन्नू,
यहाँदेखि फेरी कती मर्नुहोला ॥४॥

नजाँचेर सुन्दीन भाऊ म सुन्को,
कसीमा घसी दर् पछि गर्नुहोला ॥५॥

नजर् बाण तिन्का सधैं खैंचिएका,
खुला राखि छाती अघी पर्नुहोला ॥६॥

कसो सेखि जावैन एक् दिन हरीको,
म हेर्दैछु मोती कती छर्नुहोला ॥७॥

## गजल १६
# भला सद्धै...

भला सद्धै नआये आउ एकैपल्ट घर्सम्मन्,
म कर् पो लाउँला काँहाँ बसे मन्का लहड्सम्मन् ॥१॥

कहाँसंमन् इवी राखी मलाई चेत पारेको,
उसै रिस्ले न आऊनू हरे ! तिम्ले सहर्सम्मन् ॥२॥

तिमी मुख्ले म छू भन्छ्यौ बखत् पर्दा दगा दिन्छ्यो,
पत्यार् पर्दैन है मन्मा, कती यस्ता तवर्सम्मन् ॥३॥

गरूँ के मर्न नै सक्तीन, यस्मा कुन् कुसुर मेरो,
मरीहालूँ भनी मैले कती खाँयें जहर्सम्मन् ॥४॥

नरक्को बास हो सन्सारमा दुःखी भई बस्नु,
सुनीस् मोती, हरीको नाम ले आठै प्रहर्सम्मन् ॥५॥

## गजल १७
# म तिम्रा अघी...

म तिम्रा अघी पर्न लायक् कहाँ छू,
यसैले अघी सर्न लायक् कहाँ छू ॥१॥

हुकुम् हुन्छ तिम्रो त हाजिर् छदैछू,
बिना मर्जि आँट गर्न लायक् कहाँ छू ॥२॥

अरुका उपर् आखिभौं तानि हाने,
म जावो हरे ! मर्न लायक् कहाँ छू ॥३॥

जहाँसम्म मन् चल्छ लौ हुन्छ घुर्कुन्,
तिनै झैं नजर् तर्न लायक् कहाँ छू ॥४॥

सहज्मै छ मन् हर्न सक्नू हरीले,
सुनीस् मोति त्यो गर्न लायक् कहाँ छू ॥५॥

## गजल १८
# खासा छ सबै...

खासा छ सबै रङ्गमा पोसाक बसन्ती,
लाएर आउ अङ्गमा पोसाक बसन्ती ॥१॥

गुन्केसरी कपालमा कण्ठा जुहारको,
लायक् छ सबै अङ्गमा पोसाक बसन्ती ॥२॥

पैह्ला छ मोति हेर हरीको कउन् रवाब,
यस्तो ऋतू बसन्तमा पोसाक बसन्ती ॥३॥

## गजल १९
# मलाई हिजोसम्म...

मलाई हिजोसम्म क्या क्या छकाये
यहाँ आज ती कुन्नि के गर्न आये ॥१॥

मलाई नसोधेर भागेर जाने,
अनी फेरि कुन् नाक लाएर आये ॥२॥

नमागेर खोसेर लिन्थ्याँ म काहाँ,
कता जानि त्यो मन् लुकाएर आये ॥३॥

यसै चुक्चुकायेर निच्मारिहाले,
जसै जुल्फि तिन्ले फिजारेर आये ॥४॥

म भन्दै थिएँ, हे हरी होस राखे,
हरे ! हेर मोती हराएर आये ॥५॥

## गजल २०
# हरे मैसितै...

हरे ! मैसितै लाग खानू कती,
बिरानै गराएर जानु कती ॥१॥

यसो गर्दिनू धन्य तिम्रो मती,
तिमीलाइ आफ्नै म ठानू कती ॥२॥

म तस्तै छु जस्तो अघीको थिआ,
म यस्तो र उस्तो बखानू कती ॥३॥

हुनु पर्छ जे जे उ होई दिने,
उसै कर्मलाई म हानू कती ॥।४॥

कुनै मन् नपर्नू हरीको भने,
हिरा मोति माणीक छानू कती ॥५॥

## गजल २१
# जहाँ म जान्छु...

जाहाँ म जान्छु देख्तछू झल्झल् सरोजिनी,
याँहाँ सरोजिनी छ वहाँ, नै सरोजिनी ॥१॥

क्यावात् मुहारको रवाब क्या भनू म ता,
फिक्का छ चन्द्रको रवाब, हे सरोजिनी ॥२॥

यो मन् दियें भने कहाँ फर्कन्छ लौ उसै,
फर्कन्न हेर मन् नलीइ, हे सरोजिनी ॥३॥

हेराइ अनौठै छ हसाइ छ गजपको,
तर्वार हान्नु हो कि ता फुल्नू सरोजिनी ॥४॥

चम्पा चमेलि मोतिया कुन् भाउ लाउला,
जाहाँ छ चित्त खैंचने त्यो, फुल् सरोजिनी ॥५॥

# गजल २२
# प्यारी ! काहाँसम्म...

प्यारी काहाँसम्म ! लेखू हेर मैले पत्रमा,
धेर गन्थन् लेखनू बेठिक् छ चीठी-पत्रमा ॥१॥

रिस् ममाथीको भये मर्छू म लौ मारे तिमी,
यो कलेजा फाट्छ हेर्दा छेड चीठी-पत्रमा ॥२॥

दैवले यस्तै गरे सन्तोष मन्माथी धरे,
हे हरी अल्छ्यौ नगर्नु लेख्न चीठी-पत्रमा ॥३॥

मोतिका दाना झञी एक् एक् हरफ् बाची लिनू,
तै पनी सन्तोष् नगर्नु लेख्न चीठी-पत्रमा ॥४॥

## गजल २३
# प्यारिका आँखा...

प्यारिका आँखा भनी ली हालनू गुन्केसरी
क्यै तफायत् देखिए ता फालनू गुन्केसरी ॥१॥

जूहि जाई बेलि चम्पा केवरा क्या लाउनू,
फूलको क्यै सोख गर्दा पालनू गुन्केसरी ॥२॥

मन् मइन् भन्दा पनी बिघ्नै नरम् जाने हरी,
जाँच गर्न्या छौ त मोती गालनू गुन्केसरी ॥३॥

## गजल २४
# हर्‌बखत् पर्खीरहन्छू...

हर्‌बखत् पर्खीरहन्छू लुक् टु मी ओ माइ डियर्,
धेर् नहोस् लौ एक फेरै कम् हियर् यू कम् हियर् ॥१॥

खुप् मिजायस् राखुँला बेमर्जी बोलुँला कहाँ,
जोर्‌जुलुम् को गर्छ तिम्रा माथि यू सुट् नाट् फियर् ॥२॥

जुन् जुहार्‌को हुन्छ खायस् सो त मो टक्र्याउँला,
बेहिसाब् छन् नीर हीरा पर्ल एण्ड एमेरल्ड हियर् ॥३॥

## गजल २५
# म देख्छु दिलले...

म देख्छू दिलले हर्दम् शकल तिम्रो, मेरी प्यारी,
सधैं यस्तै रहोस् मन्मा शकल् तिम्रो, मेरी प्यारी ॥१॥

कि ता दाजूँ कमल्लाई कि जोरूँ चन्द्रमालाई,
कसो गर्नू अनौठा त्यो शकल् तिम्रो, मेरी प्यारी ॥२॥

म आफैलाई बिर्सूला यसोरी एक मन् धर्दा,
उसै मो बिर्सुला काहाँ शकल् तिम्रो, मेरी प्यारी ॥३॥

अघाया ई नजर् मेरा सधै हज्जार थोक् हेर्दा,
फकत् ई हेर्न चाहन्छन् शकल् तिम्रो, मेरी प्यारी ॥४॥

मुटू छेड्दा पनी मोती न छोडी झुन्डिई प्रेम्ले,
गलै पक्रीरह्यो हेर्दै शकल् तिम्रो, मेरी प्यारी ॥५॥

## गजल २६
# अप्सरा झैं स्वर्गका...

अप्सरा झैं स्वर्गका बम्बईका मालिनी,
क्या सफाई हाइ हाई बम्बईका मालिनी ॥१॥

बेलिको गुच्छा बनाई, जूहिको माला लिई,
हर्बखत् बेच्दै रहन्छन् बम्बईका मालिनी ॥२॥

कुन् गती नेपालको गद्दर् भुस्याहा मालिको,
क्या ति बेच्छन् जो यि बेच्छन् बम्बईका मालिनी ॥३॥

रङ्ग हाती दाँतका झैं, हातमा चम्पा कली,
साँझको बेला अहाहा ! बम्बईका मालिनी ॥४॥

मै त लाज्ले मर्छु देख्ता बम्बईका मालिनी,
बम्बईका मालिनी हा ! बम्बईका मालिनी ॥५॥

मोतिया गुन्केसरीको गाँसि झुप्पा जो सदा,
मात गर्छन् मालि याँहाँ बम्बईका मालिनी ॥६॥

## गजल २७
# सुनकी चरी गुनकेसरी...

सुनकी चरी गुनकेसरी सुनले भरी मन के गरी,
सुनका दरी अघिकै सरी सुन बन्विशे कसरी धरी ॥१॥

जब मर्दछिन् ति भनी सुने मनमा म ताजुब भै गयें,
रस ओठको अमृतै न हो तब सुन्दरी कसरी मरी ॥२॥

जप माल हात छ मोतिको हरिका भने तव भै गयो,
लिन नै परेछ अखीर् परी यसरी मलाइ नकच्वरी ॥३॥

## गजल २८
# जसै बङ्गको रङ्ग...

जसै बङ्गको रङ्ग छाडेर आयें,
तसै फागुका रङ्गमा मो हरायें ॥१॥

बिनोद्को अहा ! आज काँहाँ छ माला,
नपाएर साह्रै दुखी भै करायें ॥२॥

उठ्यो झोक् जसै योग साधूँ कि भन्ने,
तसै फागु खेलूँ भनी मन् डुलायें ॥३॥

अबिर्को पनी रङ्ग कच्चै रहेछ,
दसेक् धार्निमा केहि बढतै घसायें ॥४॥

ठूलो एक झ्याँगाभरी रङ्ग थीयो,
लुगा साथ् पसी रङ्ग पक्का रंगायें ॥५॥

पऱ्यो फेरि झोक्का अविर्को उ माथी,
अविर् ह्वैन मानो विभूतै रंगायें ॥६॥

लियें झोलि मोती अविरी विभुत्को,
बिनोदा भनी मन्त्र मैले जगायें ॥७॥

## गजल २९
# बिन्ती एकै पल्ट...

बिन्ति एकैपल्ट भन्थ्यौ बिन्ति लागोस् सुन्दरी,
सान गर्नू हातले कस्ले सिकायो सुन्दरी ॥१॥

क्यै रिसाये झैं गरी फन्की फरक्कै फर्कनू,
फर्क फेरी बोल क्यै मन् खल्बलायो सुन्दरी ॥२॥

क्या थियो रस्बस् हिजोको क्या मिजायस्का कुरा,
आज कुन्नी के हुनाले सब् हरायो सुन्दरी ॥३॥

जोडको तोड् भै परस्पर्को बलीयो प्रीतिमा,
कुन् अधम्को चुक्लिले फाटो गरायो सुन्दरी ॥४॥

क्या सुहाएको थियो मोती झुलेको घाँटिमा,
छैन पत्ता आज त्यो काहाँ बिलायो सुन्दरी ॥५॥

## गजल ३०
# सुहाऊँदैन अङ्गाले...

सुहाऊँदैन अङ्गाले मगाँऊँ कोट रेन्किन्को,
छकल्ली टोपि भो पर्दैन क्याप् चाहिन्छ हार्मन्को ॥१॥

कसोरी लाउनू धोक्रे कडा जुत्ता मिझारेको,
हवस् फर्मायिसी एक् जोर् असल् बुट् वाट् कि ज्याक्सन्को ॥२॥

मिलाऊँदैन ठिक् बेला घडीवाल् उल्लू हुस्सूले
दिई आडर् भिरी लीनू घडी चेन्साथ् कुकेल्वेको ॥३॥

कती झर्को तमाखूमा नली हुक्का नचाँहीने,
सजीलो सट् चुरट् प्यूनू अमेरीक्यन् टुब्याकोको ॥४॥

इ बाँडाले बिगारे सुन्, न छाँट्काँट् बेस् गरी दिन्छन्,
जडी मोती असल् औंठी झिकाऊ एक हमिल्टन्को ॥५॥

## गजल ३१
# दुइ आँखिभौं त...

दुइ आँखिभौं त तयार छन्, तरवार पो किन चाहियो,
तिमी आफु मालिक भै गयौ, सरकार पो किन चाहियो ॥१॥

पहरा कडा छ कटाक्षको, हरदम् तयारि मुहारमा,
घर भन्नु भारि महल् न हो, दरवार पो किन चाहियो ॥२॥

कति चम्किलो छ हँसाइको, हिसिमा किरन् पनि दाँतको,
मणि मोति नीर जुहार् न हो, अरु हार पो किन चाहियो ॥३॥

## गजल ३२
# सजाएर घर्भित्र...

सजाएर घर्भित्र जाँदै नजाने,
यसै गै गएदेखि खाँदै न खाने ॥१॥

असल् एक युक्ति छ मौका नचूके,
कवोल् क्यै नराखेर मर्जी नमाने ॥२॥

गरेको छु तन् मन् र धन् सब् समर्पण्,
मलाई अरू भैं गफाहा नठाने ॥३॥

कती मन् दुखाई मरे भैं छु आफै,
यकोतार ताकेर वर्छी नहाने ॥४॥

म टक्र्याउनेछू अरू जो छ खाहिस्,
उसै फेरि मोती नजाची नछाने ॥५॥

## गजल ३३
# मउपर् कटाक्ष...

मउपर् कटाक्ष नजर् गरी, किन ताकि हान्नु घरी घरी,
म मऱ्या झजि छू उसै गरी, मन जौन दीन दियौ हरी ॥१॥

न मलाइ आ भनि भन्दिन्या, न मलाइ जान विदा दिन्या,
तिमिलाइ आज त खुप् चिन्त्या, यतिसम्म प्रीति गरी गरी ॥२॥

तनमा तिमी मनमा तिमी, वनमा तिमी घरमा तिमी,
अरु छैन कोहि विना तिमी, म त देख्छु प्यारी वरीपरी ॥३॥

घडिमा नजर् मउपर् दियौ, घडिमा लुकेर कता गयौ,
तिमि कस्ति ह्वौ अव के भयौ, म सहन्छु पीर मरी मरी ॥४॥

दुखिया नहोउ यसो गरी, सुन प्यारि वात इ मन् धरी,
जति हूनूपर्छ घरी घरी, उ त आइपर्छ परी परी ॥५॥

# भैरवी

हिलिमिलि महिपी जाऊँ मतको पाप छुटाऊँ।
विस्नुमतिको चीसो पानी लगिकन देबि नहाऊँ ॥ हिली०

बेलि चमेली जूही जाई टिपि टिपि माथ चढाऊँ ॥ हिलि०
जगतकि जननी महिपी माई गइकन दर्शन पाऊँ ॥ हिलि०

# ठुमरी

यसरी जिय राखुँ म ता कसरी,
अज हेर नजर् जहरी जहरी ॥१॥

अब अमृत रस् मुखमा नभरी,
रहला कति मन नपरी नपरी ॥२॥

झट आइ बचाउ मलाई हरी,
अझसम्म म छू जसरी तसरी ॥३॥

# बङ्गाली ठेटर्को

कति रोइ रोई मन बाधेकी छू ।
तिम्रो त्यो प्रीति ता जानेकी छू ॥१॥

ठूलो आशा थियो मन्मा ।
सुखी हुला दुइ जना ॥
त्यो सब् सम्झी सम्झी मन्मा रोएकी छू ॥२॥

# परज्

मेरो यौवन चुस्यो मुनिञाले,
कसित सुनाऊँ कसित भनू म ॥१॥

दुःख दियो पापि ससुराले,
आफु भने परदेश रमाए।
रस लिदि हो नि बजिनी सौताले ॥२॥